# प्रेस विज्ञप्ति- ३६४

# Press Release- 364

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौ

मिति: २०८१।०६।०४ गते।

**"Operation Ultras"**

## ठुलो परिमाणमा नियन्त्रित मनोद्विपक पदार्थ ट्रामाडोल क्याप्सुल १८०,४३० सहित ६ जना मानिस पक्राउ

लागु औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट औषधी जन्य मनोद्विपक पदार्थ विरुद्द संचालन गरिएको विशेष प्रहरी कारवाहीको क्रममा ठुलो परिमाण सहित नियन्त्रित मनोद्दिपक पदार्थको कारोबारमा संलग्न गिरोह मध्यका ६ जना मानिसहरूलाई यस व्यूरोद्वारा पक्राउ गरिएको छ।

➢ मिति २०८१।०५।१८ गते जिल्ला उदयपुर गाईघाट न.पा. वडा नं. ५ घर भई हाल काठमाण्डौ जिल्ला गोकर्णेश्वर न.पा. ७ माकलवारी बस्ने बर्ष ३० को श्री बहादुर राईलाई ऐ.ऐ. वडा नं. ५ स्थित बागमती करिडोर सडक किनारबाट नियन्त्रित लागु औषध **TRAMADOL ९०० क्याप्सुल** सहित पक्राउ गरिएको साथै निज बस्दै आएको को डेरा कोठा खानतलासी गर्दा थप **TRAMADOL ३३,६००** गरी जम्मा **३४,५०० क्याप्सुल** ट्रामाडोल बरामद गरिएको छ।

➢ मिति २०८१।०५।१९ गते जिल्ला सर्लाही हरिपुर न.पा. वडा नं. १ बस्ने बर्ष २२ को विपिन कुमार महतोलाई जिल्ला काठमाण्डौ कागेश्वरी मनोहरा न.पा. ६ बाबाचोक स्थितबाट **ट्रामाडोल क्याप्सुल ५३,९००** र Nitrazepam **ट्याब्लेट ८९२** सहित पक्राउ गरिएको छ।








➢ विशेष सुचनाको आधारमा मिति २०८१।०५।३१ गते जिल्ला पर्वत महाशिला गा.पा. वडा नं. ५ लुंखु घर भई काठमाण्डौ जिल्ला न.पा.२७ मित्रनगर बस्ने बर्ष २७ को बालकृष्ण अधिकारीलाई नयाँ बसपार्क स्थित सडक किनारबाट नियन्त्रित मनोद्विपक पदार्थ **TRAMADOL ९००० क्याप्सुल** सहित पक्राउ गरिएको छ । निजले उक्त नियन्त्रित मनोद्विपक पदार्थ सम्झना रोक्काबाट खरिद गरी बिक्रि वितरण गर्ने गरेको अनुसन्धानको क्रममा खुल्न आएको छ । जिल्ला झापा अर्जुनधारा न.पा. ब.डा.न.१ ठेगाना भई हाल काठमाण्डौ जिल्ला टोखा न.पा.९ गोंगबु बस्ने बर्ष ३२ की सम्झना रोक्कालाई निजकै घरबाट पक्राउ गरिएको छ । निजको घर कोठा खानतलासी गर्दा थप **TRAMADOL CAPSULE ८३,०००** तथा **नगद रू.२,५०,०००/-** बरामद गरिएको छ । निज सम्झना रोक्काले उक्त ट्रामाडोल क्याप्सुलहरु बिक्री वितरण गर्ने मुख्य व्यक्ति जिल्ला बारा परवानीपुर गा.पा. वडा नं. ३ बस्ने बर्ष ३४ को खुल्न आएको।

➢ मिति २०८१।०६।०२ गते जिल्ला बारा परवानीपुर गा.पा. वडा नं. ३ बस्ने बर्ष ३४ प्रदिप सर्राफलाई जिल्ला काठमाण्डौ टोखा न.पा.१० बाट ट्रामाडोल ३० क्याप्सुल सहित पक्राउ गरिएको छ। साथै निजको कारोवारमा सहयोग गर्ने का.म.न.पा. वडा नं. १५ डल्लु घर भएका बर्ष ५१ का मन मोहन श्रेष्ठलाई समेत पक्राउ गरिएको छ । निज प्रदिप सर्राफले नियन्त्रित मनोद्विपक पदार्थ ट्रामाडोल विगत ४ बर्ष देखि काठमाण्डौमा ठुलो परिमाणमा अवैध कारोवार गर्दै आएको अनुसन्धानको क्रममा खुल्न आएको छ।

साथै निजहरू उपर लागु औषध (नियन्त्रण) ऐन २०३३ वमोजिम सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट लागु औषध मुद्धामा म्याद थप भई अनुसन्धान भई रहेको छ।

**प्रवक्ता/ सूचना अधिकारी**
(रामेश्वर कार्की)
प्रहरी उपरीक्षक
सम्पर्क नम्वर : : ९८५११३२७४३







Wash Room
ट्रामाडोल क्याप्सुल
१,८०,४३०
नियन्त्रित मनोद्विपक पदार्थ
ट्रामाडोल क्याप्सुल १,८०,४३०
सहित ६ जना मानिस पक्राउ।